५. पदः वाश **प्राविधिक**

कार्य स्थानः सुपरभाइजरद्वारा तोकिएको कुनै योजना साइट (हरु)

सुपरभाइजरः वास संयोजक

रिपोर्टिङः वास इकाई

जवाफदेहिताः वाश ब्यबस्थापन समिति

शैक्षिक योग्यताः CTEVT बाट सिभिल इन्जिनियरिङमा TSLC वा मान्यता प्राप्त शैक्षिक/विकास संस्थाबाट कम्तिमा ३० दिने खानेपानी तथा सरसफाइ सम्बन्धि तालिम प्राप्त गरेको

व्यावसायिक अनुभव

- कम्तिमा ५ वटा पाइप प्रणालीका **(gravity flow)** खानेपानी योजनाहरूको स्वतन्त्र रूपमा निर्माण सम्पन्न गरेको र वाश क्षेत्रमा २ वर्षको अनुभव भएको, सरसफाइ, स्वच्छता र पानीको गुणस्तर सम्बन्धि अनुभव भएकोलाई ग्राह्यता
- दातृ निकायहरूको सहयोगमा संचालित कार्यक्रमहरू/आयोजनाहरू र स्थानीय सरकार अन्तर्गत काम गरेको अनुभव भएकोलाई ग्राह्यता

अन्य सीपहरूः

- नेपाली भाषा बोलाई र लेखाइमा प्रखर, कार्य क्षेत्रको स्थानीय भाषाहरूमा भाषिक दक्खल भएमा अतिरिक्त रुपमा ग्राह्यता
- स्वतन्त्र रूपमा काम गर्न सक्ने क्षमता भएको
- सहजीकरण र संचार सीप राम्रो भएको
- स्थानीय समुदायहरूसँग र बहु-सांस्कृतिक वातावरणमा घुलमिल भइ काम गर्ने क्षमता

कर्तव्य/जिम्मेवारीः

वाश प्राविधिक आयोजना स्थलमा निर्माण सम्बन्धी गतिविधिहरूका लागि प्रमुख व्यक्तिको रुपमा रहेका हुन्छन।वाश प्राबिधिक योजना निर्माण सम्बन्धी गतिविधिहरूमा प्राविधिक सहयोगका लागि पूर्ण-समय फिल्डमा आधारित कर्मचारीको रुपमा रहेको हुन्छ।वाश प्राविधिकले सुपरभाइजरको प्रत्यक्ष निरीक्षण र प्राविधिक सहजकर्ताको प्राविधिक निर्देशनमा सामाजिक परिचालकसंग घनिष्ट सम्बन्ध र समन्वय कायम गरी निम्न कार्यहरू गर्नेछन्।

- खानेपानी तथा सरसफाइ सम्बन्धि योजनाहरूको कार्यान्वयनको लागि समुदायलाई परिचालन गर्ने
- खानेपानी तथा सरसफाइ सम्बन्धि योजनाहरूको पूर्व-सम्भाव्यता अध्यन/सर्वेक्षणमा सहयोग र सन्चालन गर्ने
- विस्तृत सर्वेक्षणमा प्राविधिक सहजकर्तालाई सहयोग गर्ने
- स्थानीय बासिन्दाहरूलाई प्रशिक्षण र ग्रामिण मर्मत सम्भार कार्यकर्ता तालिम आदि जस्ता



प्रमुख प्रशासकीय अधिकृत

प्राविधिक प्रशिक्षणहरू संचालन र सहयोग गर्ने

- सबै प्रकारका योजनाहरूको निर्माण गतिविधिहरूको गुणस्तर सुनिश्चित गर्न उपभोक्ता समितिहरु/दक्ष मिस्त्रीहरूलाई प्रत्यक्ष प्राविधिक सहयोग उपलब्ध गराउने
- योजनाका गतिविधिहरू सुचारु रूपमा कार्यान्वयन गर्नका लागि वडा/पालिका टोलीसँग समन्वय र सहकार्य गर्ने
- योजना पुस्तिका अनुसार निर्माण सामग्रीहरु (संरचना अनुसार प्रयोग), औजार उपकरण, दक्ष र अदक्ष श्रमिकको उपस्थितिको उचित अभिलेख राख्नका लागि उपभोक्ता समितिहरुलाई सहयोग गर्ने
- उपभोक्ता समितिहरुलाई प्राविधिक तालिमहरु (VMW, RWH आदि) को लागि सहभागीहरू छनोट गर्न सहजीकरण गर्ने; औपचारिक तालिम पश्चात अतिरिक्त रुपमा कार्यगत प्रशिक्षण दिने र कार्यसम्पादन मूल्याङ्कन गर्ने
- उपभोक्ता समितिहरु/समुदायहरूलाई पानीको महसुल निर्धारण, खानेपानी सुरक्षा योजना र सम्भार तथा मर्मत, योजनाको तयारी, योजना सञ्चालन मार्ग निर्देशन तर्जुमा र कार्यान्वयन सहजीकरणमा सहयोग गर्ने
- पानीको गुणस्तर सम्बन्धी गतिविधिहरू, पानी सुरक्षा योजनाहरू सहित पानीको गुणस्तर परीक्षण र योजना स्तरमा सम्बन्धित तालिमहरूमा सहयोग गर्ने
- पानी सुरक्षा योजना निर्माणका लागि सल्लाह र सहयोग प्रदान गर्ने; र कार्यान्वयन अनुगमन गर्ने, स्रोत संरक्षण गतिविधिहरू र योजनाहरूको दिगोपन र पूर्ण सरसफाइका क्रियाकलापहरु लगायत अन्य कार्यहरुमा योगदान र सहयोग गर्ने
- योजनास्तरमा हुने अनुगमन भ्रमणहरूमा सहयोग गर्ने र पालिका स्तरमा आयोजना गरिने विशेष कार्यक्रमहरू (राष्ट्रिय सरसफाइ सप्ताह, हात धुने दिन, पानी दिवस, र वातावरण दिवस आदि) मनाउन प्रचारप्रसारका कार्यहरु गर्न सहयोग गर्ने
- योजनास्तरीय अनुगमन भ्रमणमा सहयोग गर्ने
- सुपरभाइजर/वाश इकाईद्वारा तोकिएको आयोजनासंग सम्बन्धित कुनै अन्य कार्यहरु/जिम्मेवारीहरु

नि.प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner